कृषिमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको लागि सोधकार्यमा सहयोग कार्यक्रममा प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०२

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, कृषि विकास निर्देशनालयको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "**कृषिमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको लागि सोधकार्यमा सहयोग कार्यक्रम**" मा सहभागी हुन इच्छुक विद्यार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले **२१ (एक्काइस) दिनभित्र** (२०८३/०८/२२ गते) सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका आवश्यक कागजातहरू सहित अनुसूची-२ बमोजिमको ढाँचामा सोधकार्यको प्रस्तावना दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै, रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश गर्न नसकिने बेहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. निवेदन,
२. नेपाली नागरिकताको प्रतिलिपी,
३. अनुसन्धानको औचित्य पुष्टि हुने आशयपत्र,
४. विश्वविद्यालयको सिफारिस पत्र,
५. विश्वविद्यालयको अनुसन्धान सम्बद्ध शाखा/महाशाखा/विभागको सिफारिस पत्र,
६. सम्बन्धित निर्देशनालय र विभागको सिफारिस पत्र,
७. सम्बन्धित सोधकार्यका लागि अन्य निकायबाट सहयोग नलिने र सम्बन्धित सोधकार्य निर्धारित समयमा सम्पन्न गर्ने अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र।

नोटः

(क) कार्यक्रममा सहभागी हुनका लागि कृषि विषय (कृषि, खाद्य प्रविधि, कृषि इन्जिनियरिङ्ग) लिई स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी कम्तीमा पनि दोस्रो सत्रान्तमा अध्ययनरत हुनु पर्नेछ।

(ख) कार्यक्रममा सहभागी हुनका लागि कृषि विषय (कृषि, खाद्य प्रविधि, कृषि इन्जिनियरिङ्ग) लिई स्नातकोत्तर तहमा अध्ययनको क्रममा सोधकार्य सुरु नगरेका र बागमती प्रदेशभित्र अनुसन्धान कार्य गर्न इच्छुक विद्यार्थीहरू मात्र प्रोत्साहन सहयोग प्राप्त गर्न योग्य रहनेछन्।

(ग) प्रस्तावना नेपाली वा अंग्रेजी भाषामा हुनु पर्नेछ।

(घ) प्रस्ताव पेश गर्ने विद्यार्थीले प्रस्तावसँगै आफू अध्ययनरत शैक्षिक संस्थाको अनुसन्धान सम्बन्धी कार्य हेर्ने निकाय तथा सम्बन्धित विषयगत विभागबाट जारी गरिएको सिफारिसपत्र समेत पेस गर्नु पर्नेछ ।

(ङ) कार्यक्रम संचालन सम्बन्धी कार्यविधि "कृषिमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको लागि शोधकार्यमा सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८३" यस निर्देशनालयको वेबसाइटमा हेर्न तथा डाउनलोड गर्न सकिनेछ।

शोधपत्र अनुसन्धानको विषयवस्तु (Thematic Area):

S.N.	Research Thematic Area	Subject Area
1	Fruit orchard management, productivity and quality improvement of major and emerging fruit crops.	Horticulture
2	Production technology and post-harvest management of emerging and high-value fruits and vegetables (Kiwi, Citrus, Strawberry, Dragon fruit, Avocado, etc.)	Horticulture
3	Production and post-harvest constraints of major spice crops (Cardamom, Ginger, Turmeric, Garlic, Onion, etc.)	Horticulture
4	Post-harvest losses, storage, processing and value addition of fruits, vegetables, spices and flowers.	Horticulture
5	Production technologies, species diversity, substrate optimization, low-cost cultivation techniques, productivity and post-harvest management of commercial and indigenous mushroom species.	Horticulture
6	Production constraints and pest and disease management in commercial mushroom cultivation.	Horticulture / Plant Protection
7	Evaluation of suitable varieties, rootstocks and planting materials and development of vegetative propagation protocols for horticultural crops.	Horticulture / Plant Breeding
8	In-vitro propagation and multiplication of economically important horticultural crops.	Horticulture / Plant Breeding
9	Urban rooftop and vertical farming: production practices, productivity, constraints and commercialization opportunities.	Horticulture / Agricultural Economics
10	Efficiency and economic viability of micro-irrigation (drip, sprinkler) systems for high-value crops.	Horticulture / Agricultural Economics
11	Production technologies, resource management and economic viability of protected cultivation of high-value crops.	Horticulture / Agronomy / Agricultural Economics
12	Organic production: production constraints, certification, productivity and market opportunities.	Horticulture / Agro-ecology
13	Economic viability, adoption and effectiveness of agricultural mechanization and labour-saving technologies in crop production.	Agricultural Economics
14	Agricultural value chains, market integration, price behaviour and supply-chain constraints of high-value commodities.	Agricultural Economics
15	Effectiveness of pluralistic agricultural extension, farmer capacity-building and coordination among federal, provincial and local governments.	Agricultural Extension
16	Impact of ICT and digital agricultural services on information access, technology adoption and farmer decision-making.	Agricultural Extension
17	Factors influencing adoption, diffusion and sustained use of improved agricultural production technologies among farmers.	Agricultural Extension / Agricultural Economics
18	Access and participation of smallholder, disadvantaged, and women farmers in agricultural production and markets.	Agricultural Extension / Agricultural Economics
19	Contribution, opportunities and constraints of agro-tourism in agricultural commercialization and rural income generation.	Agricultural Extension / Agricultural Economics
20	Land fragmentation, consolidation, and land-use change: effects on farm productivity and commercialization.	Agricultural Economics / Agro-ecology
21	Assessment of the effectiveness, impact and sustainability of government agricultural subsidy and support programs on	Agricultural Economics / Agricultural Extension

	agricultural production, productivity, technology adoption and commercialization.	
22	Role of agricultural cooperatives and producer groups in input supply, technology adoption, aggregation and collective marketing.	Agricultural Economics / Agricultural Extension
23	Integrated pest and disease management and surveillance of major, emerging, re-emerging and invasive crop pests and diseases.	Plant Protection
24	Pesticide-use practices, pesticide residues, farmer safety and alternative pest management approaches in commercial crops.	Plant Protection
25	Soil fertility, nutrient management and effects of organic manure, biofertilizer, biochar and other soil amendments on crop production.	Soil Science
26	Varietal characterization, evaluation and identification of germplasm in provincial farms.	Plant Breeding
27	Evaluation and selection of climate-resilient and stress-tolerant crop varieties for different agro-climatic conditions of Bagmati Province.	Plant Breeding / Agronomy
28	Bee flora assessment, seasonal and nutritional variability, queen quality, pest management, honey quality and productivity of *Apis cerana and Apis mellifera.*	Entomology / Agro-ecology
29	Effect of pesticide use and climate change on honeybees, pollination, beekeeping productivity and the beekeeping value chain.	Entomology / Plant Protection / Agro-ecology / Agricultural Economics
30	Production potential, suitable areas and constraints of lac insect cultivation.	Entomology / Agricultural Economics
31	Seed production and hybrid seed production technology of major vegetable and field crops, including quality seed production and seed systems.	Agronomy / Plant Breeding
32	Production potential, utilization and diversification opportunities of indigenous and underutilized crops.	Agronomy / Horticulture
33	On-farm storage, post-harvest losses and pest management of major cereal crops.	Agronomy / Plant Protection
34	Assessment of climate change impacts on agricultural production and evaluation of climate-smart agricultural practices and adaptation strategies.	Agro-ecology / Agronomy
35	Silkworm species diversity, host plant production, silkworm rearing technologies, disease and pest management, cocoon production, silk quality and commercialization of sericulture.	Entomology / Agricultural Economics
36	Agricultural disaster risk assessment, vulnerability, loss and damage assessment, agricultural insurance mechanisms and risk reduction strategies for crop production.	Agricultural Economics / Agricultural Extension / Agro-ecology
37	Food technology related research	Food technology
38	Agricultural engineering related research	Agri-engineering

अनुसूची-२

दफा ५ को उपदफा (१) संग सम्बन्धित

<u>सोधकार्यको प्रस्तावनाको ढाँचा</u>

१. शीर्षक (Title)
२. परिचय/पृष्ठभूमि (Introduction/Background Information)
३. उद्देश्य (Objectives)
४. अनुसन्धानको औचित्य (Rationale of the study)
५. पुर्वकार्य समिक्षा/सिंहालोकन (Literature Review)
६. अनुसन्धानको विधि र पद्दति (Materials and Methods/Methodology)
७. आशातीत प्रतिफल (Expected Outputs)
८. बजेट र समयसीमा (Budget and Timeline)
९. अनुसन्धानका सीमाहरू (Limitations)
१०. सन्दर्भ सामाग्रीहरू (References)

अनुसूची-५
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
<u>प्रतिबद्धता पत्र</u>

मितिः२०८३/ /

श्रीमान् महानिर्देशक ज्यू,
कृषि विकास निर्देशनालय, हेटौंडा

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालय, हेटौंडाको मिति २०८३।०८।०२ गते प्रकाशित सूचना अनुसार कृषिमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको लागि सोधकार्यमा सहयोग कार्यक्रममा छनौट भएको छु। यस कार्यक्रम अन्तर्गत कुनै निकायबाट सहयोग प्राप्त नगरेको तथा आउँदा दिनमा पनि सोहि कार्यको लागि दोहोरो हुने गरि अन्य कुनै निकायबाट सहयोग लिने छैन। यदि उल्लिखित कार्य गर्न अन्य कुनै निकायबाट सहयोग लिएको प्रमाणित भएमा कृषि विकास निर्देशनालयबाट यस कार्यको लागि लिईएको रकम फिर्ता गरी प्रचलित कानुन बमोजिम सजाय भोग्न सहमत भई यो प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दछु। साथै, कार्यक्रमका लागि प्राप्त प्रोत्साहन सहयोगको पुर्ण रुपले प्रभावकारी तवरले उपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

औंठा छाप

दायाँ	बायाँ

<u>आवेदकको</u>

नामः

पदः

ठेगानाः

शैक्षिक संस्थाको नामः

सम्पर्क नं. :